बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**
हेटौडा, मकवानपुर।

स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियतका लागि आवेदन आवह्वान सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।१०।१४)

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थिर पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत वितरण कार्यक्रमको लागि स्थित पुँजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा ५० प्रतिशतमा सहुलियत कार्यविधि, २०८२ को दफा १२ बमोजिम मापदण्ड पूरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र कार्यालय समयभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता गर्नुहुन आवेदन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि योग्य नहुने वेहोरा समेत जानकारी गराईन्छ।

*उक्त कार्यक्रम बागमती प्रदेशको ललितपुर र सिन्धुली जिल्लामा मात्र लागू हुनेछ।

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन,
२. सम्बन्धित कार्यालयमा गरेको उद्योग दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
४. कर चुक्ता प्रमाण पत्र,
५. उद्योगमा विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सम्बन्धित स्थानीय निकाय/वडाको सिफारिस पत्र,
६. उद्योगमा प्रयोग हुने विद्युतका लागि आवेदकको नाममा रहेको वा भाडामा सञ्चालन भएको उद्योगको हकमा करार सम्झौता पत्रसहितको विद्युत मिटर जडान प्रमाण,
७. उद्योगको सम्पूर्ण आकृति स्पष्ट रुपमा देखिने गरी खिचिएको फोटो,
८. नेपाली नागरिकताको प्रतिलिपि ।

निर्देशक